रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

प.सं.:
च.नं.:

उच्च सतर्कता अपनाउने सम्बन्धी रामेछाप नगरपालिकाको अत्यन्त जरुरी सूचना ।

नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जारी गरेको बुलेटिन अनुसार बंगालको खाडीमा बनेको अति शक्तिशाली चक्रवात 'बर्नब' को प्रभावका कारण आज कार्तिक १२ गते (बिहीबार), देखि कार्तिक १४ गते (शनिवार) सम्म बागमती प्रदेशका विभिन्न स्थानहरुमा मेघगर्जन/चट्याङ/हावाहुरी सहित भारी वर्षा हुने सम्भावना रहेको छ। सम्भावित वर्षाको कारणले भूक्षय, बाढी तथा गेग्रान बहाव (Debris flow) को जोखिम हुने हुँदा नदी तथा खोलाको तटीय क्षेत्र तथा पहिरोको जोखिम क्षेत्रहरुमा बसोवास गर्ने लगायतका आम नागरिकहरुले उच्च सर्तकता अपनाउनु हुन रामेछाप नगरपालिका हार्दिक अनुरोध गर्दछ।

यस सम्बन्धी कुनै असहज परिस्थिति उत्पन्न भएमा नगरपालिकाका विपद् सम्पर्क व्यक्तिको सम्पर्क नं.९८४००९५५०१ मा सम्पर्क गर्नु हुन वा सम्बन्धित वडाका जनप्रतिनिधिहरुसँग आवश्यक समन्वय गर्नु/गराउनु हुन जानकारी गराईन्छ। साथै थप जानकारी तथा अद्यावधिक सूचनाका लागि नेपाल मौषम बिज्ञान विभाग, मौषम पूर्वानुमान महाशाखा र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणवाट जारी सूचनाहरु पालना गर्नु हुन समेत अनुरोध गरिन्छ ।

(पुनश्चः चिसो बढ्न सक्ने भएकोले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा बिरामी व्यक्तिको सुरक्षामा विशेष ध्यान दिनु हुन अनुरोध छ .।)

मितिः२०८३/०७/१२

फोन नं.: ०४८-४००११७ (प्रमुख), ०४८-४००११८ (उपप्रमुख), ०४८-४००११६ (प्र.प्र.अधिकृत), ०४८-४०००१२ (प्रशासन)
www.ramechhapmun.gov.np
Email: ramechhapmun@gmail.com

Scanned with CamScanner